## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

### मिति २०७७।०६।०२

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) यस न.पा.का. मार्फात सञ्चालन हुने पूंजीगत आयोजनाहरुको प्रविधिक कार्यहरु गर्न प्रविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२) यस न.पा. क्षेत्री भित्र सञ्चालनमा रहेका क्रसर, ढुंगागिट्टी, बालुवा प्रशोधन लगायत उद्योगहरुको गत आ.व.२०७६।०७७ को मौज्दात मूल्यांकन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.३) यस न.पा.कार्यालयको विभिन्न शाखाहरुको सामाग्रीहरु भण्डार गर्न आवश्यक व्यवस्था गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.४) यस न.पा. क्षेत्र भित्र तोकिएका स्थानहरुबाट ढुंगा, गिट्टी, बालुवा उत्खनन् तथा बिक्रि गर्ने अनुमति प्रदान गर्नको लागि आवश्यक वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.५) यस न.पा. क्षेत्र भित्र रहेका नदीनाला तथा खोलाहरुबाट अनाधिकृत रुपमा हुने ढुंगा, गिट्टी, बालुवा उत्खनन् तथा बिक्रि गर्ने कार्यको नियन्त्रण तथा रोकथाम गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.६) जय बजरङ्ग वालुवा प्रशोधन उद्योग, धनुषाबाट गत आ.व.२०७६।०७७ मा ढुंगा, गिट्टी, बालुवा उत्खनन् तथा बिक्रिको ठेक्का वापत सम्झौता बमोजिम भुक्तानी हुनुपर्ने बांकी रकम असुल उपर गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.७) यस न.पा.का विपन्न व्यक्तिहरुबाट आर्थिक सहयोग माग गरेको सम्बन्धमा ।

प्रस्ताव नं.८) नेपाली सेना १ नं. राजदल गण धारापानी, धनुषाबाट बास्केटबल कोर्ट निर्माण गर्न सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.९) २ नं. प्रदेश दंगा नियन्त्रण प्रहरी गण, जनकपुरबाट ५ वटा शौचालय र १ वटा बाथरुम निर्माण गर्न आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१०) यस मि.न.पा. वडा नं.१० र ११ का सामाजिक सुरक्षा भत्ता कार्यक्रमका लाभग्राहीहरुको बैंक खता लक्ष्मी विकास बैंक बर्दीवासबाट यसै न.पा. क्षेत्रभित्रका अन्य बैंकमा खाता सञ्चालान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.११) धनुषा जिल्लामा सञ्चालन भैरहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामा यस मिथिला नगरपालिकालाई समावेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१२) जनकपुरधाम ८ स्थित श्री सदगुरु कबीर अनाथ बाल वात्सल्य आश्रमको बृहत योजना अनुसार यस न.पा.को वडा नं.३ हरिहरपुरमा शाखा आश्रम निर्माण गर्नको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

२०७७।६।२

**बैठकका निर्णयहरु**

निर्णय नं. १) प्रस्ताव नं.१ मा छलफल गर्दा यस न.पा.कार्यालयका असिस्टेन्ट सब इन्जिनियर सरुवा भै गएको हुंदा यस न.पा.का. मार्फात सञ्चालन हुने पूंजीगत आयोजनाहरु सम्बन्धी प्रविधिक कार्यहरु गर्न नियमानुसार हुने गरी एक जना सब इन्जिनियर नियुक्ति गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. २) प्रस्ताव नं.२ मा छलफल गर्दा यस न.पा. क्षेत्री भित्र सञ्चालनमा रहेका क्रसर, ढुंगागिट्टी, बालुवा प्रशोधन लगायत उद्योगहरुलाई सम्बन्धित वडा कार्यालयको सिफारिस साथ नेपाल सरकारबाट जारी भएको ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ बमोजिम हुने गरी यस न.पा.मा अनिवार्य दर्ता तथा दर्ता नविकरण प्रमाणपत्र संलग्न गराई गत आ.व.२०७६।०७७ को मौज्दात मूल्यांकन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ३) प्रस्ताव नं.३ मा छलफल गर्दा यस न.पा.कार्यालयको विभिन्न शाखाहरुको सामाग्रीहरु भण्डारण गर्न स्थान अभाव भएको हुंदा यस न.पा. परिसर भित्र प्रविधिकको राय सल्लाह बमोजिम विभिन्न औषधीजन्य सामाग्री तथा कृषिजन्य किटनाशक विषादीहरु समेत भण्डारण गर्न सकिने गरी उपयुक्त भण्डारण कक्ष निर्माण गर्ने र सो को लागि लाग्ने खर्च यस न.पा.को. नगर मर्मत संभारकोषबाट व्यहोर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ४) प्रस्ताव नं.४ मा छलफल गर्दा यस न.पा. क्षेत्र भित्र तोकिएका स्थानहरुबाट ढुंगा, गिट्टी, बालुवा उत्खनन् तथा बिक्रि गर्ने कार्यको लागि ठेक्का वन्दोवस्त गर्न नेपाल सरकारबाट जारी भएको ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ मा व्यवस्था भए बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्न नियमानुसार हुने गरी परामर्श सेवा खरिद गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ५) प्रस्ताव नं.५ मा छलफल गर्दा यस न.पा.कार्यालयबाट यस आ.व.मा व्यवसायिक रुपमा कुनैपनि नदीनाला तथा खोलाहरुबाट ढुंगा, गिट्टी, बालुवा, ग्राभेल उत्खनन् तथा बिक्रिको लागि अनुमति प्रदान गरिनसकेको हुंदा यस क्षेत्रभित्र रहेका नदीनाला तथा खोलाहरुबाट अनधिकृत रुपमा हुने ढुंगा, गिट्टी, बालुवा, ग्राभेल उत्खनन् तथा बिक्रि गर्ने कार्यको नियन्त्रण तथा रोकथाम गर्नको लागि सम्बन्धित सुरक्षा निकायमा पत्राचार गर्ने तथा यस सम्बन्धमा सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.६) प्रस्ताव नं.६ मा छलफल गर्दा जय बजरङ्ग वालुवा प्रशोधन उद्योग, मि.न.पा.१०, धनुषाबाट गत आ.व.२०७६।०७७ मा ढुंगा, गिट्टी, बालुवा उत्खनन् तथा बिक्रिको लागि भएको ठेक्का सम्झौता बमोजिम प्रथम किस्ता वापत यस न.पा.मा बुझाउनु पर्ने रु.२,७०,९०,६००।६० मध्ये रु.४४,३८,६००।६० (अक्षरेपी चवालीस लाख अठ्तीस हजार छ सय र पैसा साठी) बुझाउन बांकी रहेको हुंदा उक्त रकम निजले पेश गरेको श्री नेपाल बङ्गलादेश बैंक, शाखा कार्यालय जनकपुरबाट जारी भएको बैंक जमानत रु.२,५०,००,०००।- मध्येबाट तत्काल असुल उपर गर्ने निर्णय पारित गरियो । साथै दोस्रो किस्ता वापत यस न.पा.कार्यालयमा बुझाउन बांकी रु.१,८०,६०,४००।४० असुल उपर गर्ने सम्बन्धमा आगामी न.पा. कार्यपालीकाको बैंठकबाट आवश्यक निश्कर्षमा पुग्ने निर्णय समेत पारित गरियो ।

निर्णय नं.७) प्रस्ताव नं.७ मा छलफल गर्दा यस न.पा.का विपन्न व्यक्तिहरुबाट आर्थिक सहयोग माग भएको हुंदा देहाय बमोजिम नगर विपन्न कोषाट खर्च लेख्ने गरि आर्थिक सहायता उपलब्ध गराउने निर्णय पारित गरियो ।

क) मि.न.पा.७ निवासी श्री ललित बहादुर रसाईलिलाई छाति सम्बन्धी रोगको उपचारको लागि रु.१०,०००। (अक्षरेपी दश हजार मात्र) ।

२०७७।६।२

ख) मि.न.पा. ७ निवासी श्री भोला प्रसाद ठाकुरलाई आफ्नो श्रीमती राधादेवी ठाकुरको औषधी उपचार गर्न रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) ।

ग) मि.न.पा ६ निवासी श्री मिनादेवी ठाकुरको श्रीमान्को मृत्य भएको हुंदा आर्थिक सहायता स्वरुपरु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) ।

घ) मि.न.पा.१० निवासी श्री मीना कुमारी आलेको घरमा २०७७ साल जेठ १० गते रातीको हावाहुरीले क्षति पुगेको हुंदा रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) ।

ङ) यस न.पा.को वडा नं.७ का वडा सदस्य श्री विमला कुमारी सिङ्दन (लामा) को मिति २०७७।०३।०२ मा निधन भएको हुंदा निजको परिवारलाई आर्थिक सहायता स्वरुप रु.१,००,०००।- (एक लाख मात्र)

निर्णय नं.८) प्रस्ताव नं.८ मा छलफल गर्दा नेपाली सेना १ नं. राजदल गण धारापानी, धनुषाको च.नं.१४९१२ मिति २०७७।०५।३१ को पत्रबाट उक्त गणको परिसर भित्र बास्केटबल कोर्ट निर्माण गर्नको लागि सिमेन्ट उपलब्ध गराइ दिनुहुन भनी माग भएको हुंदा उक्त निर्माण कार्यको लागि यस न.पा.को. अन्तर सरकारी कार्यालय सुदृधिकरण शिर्षकबाट खर्च लेख्ने गरी ५० (पचास) बोरा सिमेन्ट सहयोग गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.९) प्रस्ताव नं.९ मा छलफल गर्दा २ नं. प्रदेश दंगा नियन्त्रण प्रहरी गण, जनकपुरको च.नं.१०० मिति २०७७।०६।०१ को पत्रबाट उक्त गणको ढल्केवर, धनुषामा सञ्चालन हुंदै आएको कार्यालयमा प्रहरी कर्मचारीहरुको लागि ५ वटा शौचालय र १ वटा बाथरुम निर्माण गर्नको लागि आर्थिक सहयोग माग भएको हुंदा उक्त निर्माण कार्यको लागि यस न.पा.को. अन्तर सरकारी कार्यालय सुदृधिकरण शिर्षकबाट खर्च लेख्ने गरी रु.३,००,००० (अक्षरेपी तीन लाख मात्र) सहयोग गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१०) प्रस्ताव नं.१० मा छलफल गर्दा यस मि.न.पा. वडा नं.१० र ११ का सामाजिक सूरक्षा भत्ता कार्यक्रमका लाभग्राहीहरुको बैंक खाता लक्ष्मी विकास बैंक बर्दीवासमा संचालन हुंदै आएकोमा उक्त बैंकबाट अव उप्रान्त कार्य बोझले गर्दा यस न.पा.का लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्य गर्न नसकिने भनी लेखि आएको हुंदा उक्त वडा नं.१० र ११ का लाभग्राहीहरुको आ.व.२०७७।०७८ देखिको सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रयोजनको लागि बैंक खाता सञ्चालन गर्न यस न.पा.को वडा नं. ७ स्थित माछापुच्छ्रे बैंक लि. संग सम्झौता गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.११) प्रस्ताव नं.११ मा छलफल गर्दा धनुषा जिल्लामा सञ्चालन भैरहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सुपरजोन (माछा पालन) तथा जोन (धान खेती) कार्यक्रममा यस मिथिला नगरपालिकाका किसानहरुले समावेश हुने इच्छा व्यक्त गरेको साथै यस क्षेत्रमा धान, माछा तथा तरकारी खेती अत्याधिक मात्रामा भैरहेको हुंदा यस मिथिला नगरपालिकालाई पनि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामा समावेश गरी क्षेत्र विस्तार गरिदिन प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना इकई कार्यालय, जनकपुरधामलाई अनुरोध गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१२) प्रस्ताव नं.१२ मा छलफल गर्दा जनकपुरधाम ८ स्थित श्री सदगुरु कबीर अनाथ बाल वात्सल्य आश्रमको बृहत योजना अनुसार यस न.पा.को वडा नं.३ हरिहरपुरमा शाखा आश्रम निर्माण गर्नको त्यस आश्रमको मिति २०७७।०५।३० को पत्रबाट अनुरोध भएको हुंदा उक्त आश्रम निर्माणको लागि मठ मन्दिर तथा गुम्बा निर्माण शिर्षकबाट खर्च लेख्ने गरी रु.२,००,०००।- (अक्षरेपी दुई लाख मात्र) आर्थिक सहयोग प्रदान गर्ने निर्णय पारित गरियो ।

०७७/६/१२